बालबालिकाविरूद्ध हिंसा वा दुर्व्यवहार भएमा तथा मनोसामाजिक समस्या देखापरेमा परामर्श र सहयोगका लागि सम्पर्क गर्नुहोस ।

**सिविस हेल्पलाइन**

**१६६०–०१–१००००**

**बाल हेल्पलाइन**

**१०९८ र १०४**

**!! माथिका कुनै पनि नम्बरमा फोन गर्दा पैसा तिर्नु पर्दैन !!**


प्रकाशक :
समाज सेवा र मानवअधिकारमा महिला र बालबालिका (सिविस)

प्रकाशन सहयोग :
Save the Children


संरक्षित वर्तमान र उज्वल भविष्यको लागि...

# बालसंरक्षणका कुरा



संरक्षित वर्तमान र उज्वल भविष्यको लागि...

# बालसंरक्षणका कुरा




प्रकाशक :
समाज सेवा र मानवअधिकारमा महिला र बालबालिका (सिविस)

प्रकाशन सहयोग :
Save the Children

संरक्षित वर्तमान र उज्वल भविष्यका लागि..

# बालसंरक्षणका कुरा

सल्लाह सुझाव
विमला ज्ञवाली
शान्ती अधिकारी
कृष्ण सुवेदी
विष्णु तिमिल्सीना

व्यवस्थापन
प्रमोद आचार्य

लेखन तथा सम्पादन
युवराज घिमिरे
ध्रुब लामिछाने
सरोज के.सी.

प्रकाशन मिति : २०१४ मे
प्रकाशन प्रति : ५०००

पुनः प्रकाशन :
प्रकाशन प्रती : १०००

# विषय सूची


| इकाइ | | विषय | पेज नं. |
|---|---|---|---|
| १ | | बालसंरक्षण ............................................... | १ |
| २ | | बालयौन दुर्व्यवहार ................................. | ४ |
| | २.१ | बालयौन दुर्व्यवहार भनेको के हो ? ..................... | ४ |
| | २.२ | यौन दुर्व्यवहार भएको कसरी थाहा पाउने त ?......... | ५ |
| | २.३ | बालयौन दुर्व्यवहार कहाँ हुन सक्छ ? .................... | ७ |
| | २.४ | बालयौन दुर्व्यवहार को बाट हुन सक्छ ? ............... | ८ |
| | २.५ | बालयौन दुर्व्यवहारको सिकार कस्ता | |
| | | - कस्ता बालबालिका हुन सक्छन् ? ...................... | ९ |
| | २.६ | बालयौन दुर्व्यवहार कसरी हुन सक्छ ? ............................ | ९ |
| | २.७ | संरक्षित हुनु तपाइको अधिकार हो ................................ | १० |
| ३ | | बालविवाह .......................................................... | १४ |
| ४ | | बालश्रम ................................................................ | १७ |
| ५ | | बालबालिकाको बेचविखन र ओसारपसार ........................ | १९ |
| ६ | | आफ्नो संरक्षणका लागि आफैं सचेत बनौं ....................... | २१ |
| ७ | | उजुरी गर्ने बानी बसालौं ........................................... | २४ |

# भूमिका

बालबालिकाको संरक्षण गर्नु परिवार, समुदाय र राज्यको मुख्य दायित्व हो। कुनै पनि बालबालिकालाई स्थान र परिवेश अनुसार फरक फरक जोखिमताहरू आइपर्ने भएकोले उनीहरूको विशेष निगरानी गरिनु पर्दछ । विभिन्न अध्ययनले देखाएअनुसार बालबालिका हरू सबैभन्दा बढी आफ्नै चिनजानका व्यक्तिहरूवाट जोखिममा पर्ने गरेको पाइन्छ । त्यसैले बालबालिका हरू नचिनेका मानिसहरूबाट मात्रै जोखिममा पर्ने गर्दछन् भन्ने हाम्रो बुझाइ गलत हुन सक्छ ।

बालबालिकाको दैनिक जीवनयापन गर्ने क्रममा असहजता सिर्जना भएपछि उनीहरूको संरक्षणको सवालहरू आउँदछन । जुन कुरा बालबालिकाले वयस्कहरूलाई नभन्न पनि सक्दछन् । बालबालिका हरूमा यस्ता समस्याहरू आएमा अथवा संरक्षण गर्नुपर्ने सवालहरूको सिर्जना भएमा सामान्यतया उनीहरूले सबैभन्दा पहिला आफ्नो मिल्ने साथीलाई उक्त कुराहरू भन्ने गर्दछन् । त्यसैले तपाइजस्तै कुनै बालबालिका हरूलाई कुनै असहज स्थिति आएको वा उनीहरूको संरक्षण गर्नु पर्ने अवस्था छ भने आफ्नो नजिकको वा विश्वासिलो वयस्क हरु जस्तैः अभिभावक, शिक्षक, दिदीबहिनी, दाजुभाइ आदिलाई तत्काल खबर गर्नु र जोखिमतामा रहेका बालबालिकाको संरक्षण र सहयोग गर्नु तपाइ हामी सबै बालबालिका हरुको जिम्मेवारी हो ।

जोखिम अवस्थामा रहेका बालबालिका हरूको संरक्षणका लागि समुदाय स्तरमा सबै बालबालिकालाई आफ्नो जिम्मेवारी तथा कर्तव्यको बारेमा जानकारी गराउने उद्देश्यले हामीले यो बालसंरक्षणका कुरा हाते पुस्तिका प्रकाशन गरेका छौं । यस पुस्तिकाले सबै बालबालिकालाई आफू र आफ्ना साथी हरूमाथि कुनै दुर्व्यवहार भएमा वा जोखिमतामा परेमा उक्त कुरा कसरी थाहा पाउने, र बच्चका लागि के गर्नु पर्दछ भन्ने बारेमा जानकारी दिन खोजिएको छ ।

भाइबहिनीहरू, आफूमाथि कुनै पनि किसिमको जोखिम अवस्था वा अप्ठ्यारो परिस्थिति आउन लागेको थाहा भएमा अथवा दुर्व्यवहार भएमा हामीले चुप लागेर बस्नु हुँदैन । यसबाट जोगिन । यस्तो परिस्थितिको सामाना गर्न आफ्नो नजिकको र विश्वासिलो मानिसलाई तत्काल खबर गर्नु पर्दछ । यसो गरेमा हामी पुनः दुर्व्यवहार हुनबाट वा जोखिमता बाट टाढा रहन्छौं । यदि यस्तो दुर्व्यवहार सहने र लुकाउने गरेमा दुर्व्यवहारमा  परेका बालबालिका हरूको जीवनमा तत्कालीन र दीर्घकालीन नकरात्मक असर पर्ने तथ्यलाई कहिल्यै भुल्न हुँदैन । तर अर्को महत्वपूर्ण पक्ष चाँहीं जोखिममा परेका वा दुर्व्यवहार भएका बालबालिका हरूको गोपनियता पनि ध्यान दिनु पर्दछ । यसका लागि तपाईंहरु सबैले आफ्नो घर, छिमेक र विद्यालयका साथीहरूलाई जानकारी गराउनुहुन हामी अनुरोध पनि गर्दछौं ।

# १. बालसंरक्षण

**प्यारा भाइबहिनीहरू,**

आफ्नो अधिकारको बारेमा बुझ्न पाउनु हामी सबैको अधिकार हो । यस पुस्तिकामा पनि हामी हाम्रो संरक्षणको अधिकारको बारेमा छलफल गर्छौं । हामी बालसंरक्षण, यसका सवालहरूको सूचीको साथै विशिष्ठ रूपमा (खास गरी) भने बाल यौन दुर्व्यवहार, बालश्रम, बालबिवाह र मानव बेचबिखन तथा ओसारपसार, यसका असरहरू र बच्ने उपायहरूमा बढी केन्द्रित हुनेछौं र यी कुराहरूबाट आफूलाई कसरी संरक्षण गर्ने भन्ने बारेमा चर्चा गर्नेछौं । त्यसैले हामीले यस पुस्तिकाको नाम पनि बाल संरक्षणका कुरा भनेर राखेका छौं ।

**बालअधिकारको बारेमा हामीले जान्नु पर्ने कुराहरूः**

**बालअधिकार भनेको के हो ?**

बालबालिका हरूको शारीरिक, बौद्धिक, सामाजिक तथा नैतिक विकासका लागि चाहिने न्यूनतम आवश्यकताहरू जस्तैः पोषिलो खाना, औषधिउपचार, माया स्नेह, संरक्षण, शिक्षा आदि नै बालअधिकार हो । अर्थात् बालबालिका हरूको आधारभूत आवश्यकताहरू नै बाल अधिकार हो । बालअधिकारलाई अझ सजिलोसँग बुझ्न यसलाई विभिन्न चारवटा भागमा बाँढेर हेर्न सकिन्छ ।

**प्रत्येक बालबालिकाको बाँच्न पाउने अधिकार छ** : सबै बालबालिका हरूको बाँच्न पाउने अधिकार छ । यस अन्तर्गत बालबालिका हरू स्वस्थ र सुरक्षित जन्मनका लागि गर्भवती आमाको सुरक्षा र स्याहार, जन्मेपछि रोगहरूसँग लड्नका लागि खोप तथा आवश्यक परेको समयमा उचित औषधी उपचार पाउने अधिकारहरू पर्दछन् ।

**प्रत्येक बालबालिकाको विकास गर्न पाउने अधिकार छ** : कुनै पनि भेदभावबिना नै बालबालिका हरूले आफ्नो शारीरिक, मानसिक, सामाजिक, भावनात्मक तथा नैतिक विकास गर्ने अवसरहरू पाउनुपर्दछ । यसका लागि सबै बालबालिका हरूले शिक्षा पाउने, आफूले जानेको र रूची राख्ने खेलकुदमा क्षमता अनुसार सहभागी हुन पाउने, मनोरञ्जन



गर्न पाउने, सिप सिक्न पाउनुपर्दछ । यसैलाई बालबालिकाको विकास गर्न पाउने अधिकार भनिन्छ ।

**प्रत्येक बालबालिकाको संरक्षण पाउने अधिकार छ** : बालबालिका हरू शारीरिक तथा मानसिक हिसाबले हुर्कंदै गरेको अवस्थाका व्यक्तिहरू भएकाले उनीहरूलाई हाम्रो समाज, घर तथा विश्वमा थुप्रै अप्ठ्यारा तथा खतराहरू आइपर्न सक्छन् । यस्ता जोखिम र खतराबाट जोगिन पाउनु बालबालिकाको संरक्षणको अधिकारभित्र पर्दछ ।

**प्रत्येक बालबालिकाको सहभागिताको अधिकार छ** : बालबालिका हरूले आफ्नो जीवनमा असर पार्ने विषय र गतिविधिहरूमा र त्यस सम्बन्धी नीति, निर्णयहरू गर्दा आफू सहभागी हुन र आफ्नो विचार राख्न पाउनु पर्दछ । यसैलाई बालबालिकाको सहभागिताको अधिकार भनिन्छ । संयुक्त राष्ट्र संघले सन् १९८९ नोभेम्बर २० मा नै बालअधिकार महासन्धि पास गरेको छ भने नेपालले पनि यसलाई सन् १९९० मा नै अनुमेदन गरेर लागू गरिसकेको छ ।

## त्यसो भने बालसंरक्षण भनेको के हो त ?

बालबालिकासम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय कानून र अवधारणाअनुसार बालसंरक्षण भन्नाले कुनै पनि बालबालिकालाई हुनसक्ने शारीरिक यातना तथा मानसिक पीडा, श्रमशोषण, अपहेलना, यौनशोषण, दुर्व्यवहार वा सबैखाले हिंसाबाट जोगाउनु हो भन्ने कुरा बुझ्नु पर्दछ । बालबालिका परिवार वा अभिभावकको संरक्षणमा रहे वा नरहेको अवस्था, जोसुकै पनि यसखाले शोषण, दुर्व्यवहार र उपेक्षाबाट पीडित हुन सक्दछन् । यद्यपि परिवारविहीन तथा अप्ठ्यारो परिस्थितिमा बाँच्न बाध्य बालबालिका हरू जस्तै सडक बालबालिका, घरेलुश्रममा संलग्न बालबालिका, मनोरञ्जन क्षेत्रमा रहेका बालबालिका र होटल रेष्टुरेन्टमा कार्यरत बालबालिका हरू यसखाले कुराबाट सजिलैसँग प्रभावित र अझै बढी जोखिममा परेका हुन सक्दछन् ।

**बालसंरक्षणको अर्थ हो,**

- ☞ बालबालिकालाई हेला, दुर्व्यवहार र उपेक्षा हुनबाट जोगाउनु
- ☞ बालबालिकालाई श्रमशोषण वा शारीरिक र मानसिक यातना हुनबाट जोगाउनु
- ☞ बालबालिकालाई सशस्त्र संघर्ष वा सबै किसिमका हिंसामा संलग्न हुनबाट

जोगाउनु

☞ बालबालिकालाई यौनशोषण र दुर्व्यवहार हुनबाट जोगाउनु

## नेपालमा बालसंरक्षणका मुख्य सवाल तथा समस्याहरू

बालबालिका हरू विश्वभर नै विभिन्न किसिमका जोखिमताहरूमा बाँचेका छन् भने लाखौं बालबालिका हरू अहिले पनि विभिन्न किसिमका हिंसा, दुर्व्यवहार, शोषण, भय, एवं भेदभावको सिकार भइरहेका छन् । नेपालमा पनि बालबालिका हरू धेरै किसिमका खतरा, शोषण र दुर्व्यवहारबाट प्रभावित एवं पीडित छन् । नेपालमा बालबालिकाको संर क्षण देखिएका मुख्य समस्या तथा सवालका क्षेत्रहरू निम्न छन् :

☞ बालयौन दुर्व्यवहार

☞ बालश्रम शोषण

☞ बालविवाह

☞ बालबालिकाको बेचबिखन तथा ओसारपसार

☞ धुम्रपान, नशा तथा लागूपदार्थको दुर्व्यसन

☞ पारिवारिक विछोड

☞ सडक बालबालिका

☞ बालबिज्याइ तथा सजाय

☞ परम्परागत कुरीति तथा हानिकारक व्यवहारहरू

माथि उल्लेखित बालसंरक्षणका प्रमुख सवालमध्ये हामी यस पुस्तिकामा बालयौन दुर्व्यवहार, बालश्रम शोषण, बालबालिकाको बेचबिखन तथा ओसार पसार र बालविवाह का नकारात्मक असरहरू र यसबाट कसरी बच्ने भन्ने बारेमा चर्चा गर्छौ ।



# २. बालयौन दुर्व्यवहार

**प्यारा भाइबहिनीहरू,**

बालबालिका हरू विभिन्न किसिमका दुर्व्यवहारहरूबाट पीडित रहेको कुरा तपाईंहरूलाई पनि जानकारी हुनु पर्दछ । बालबालिकामाथि हुने दुर्व्यवहारहरू मध्ये बालयौन दुर्व्यवहार पनि एक हो । यसले बालबालिका हरूलाई विभिन्न किसिमको नकरात्मक असर गर्दछ । भने यो बालबालिका माथिको एउटा जघन्य अपराध पनि हो । काठमाण्डौ उपत्यकामा मात्र ४५ प्रतिसत भन्दा बढी बालबालिका हरू बालयौन दुर्व्यवहारबाट पीडित रहेको कुरा कुरा सेभ द चिल्ड्रेन ले २००३ मा गरेको अध्ययनले देखाएको छ । उपत्यका बाहिर लगभग ३३ प्रतिशत बालबालिका हरू यौन दुर्व्यवहारबाट पीडित रहेको तथ्यांकले देखाएको छ । त्यसैले बालयौन दुर्व्यवहार भनेको के हो ? यसवाट कसरी बच्ने वा संरक्षणका उपायहरू के-के छन् भन्ने बारेमा जानकारी पाउनु तपाईंहरू सबैको अधिकार हो ।

## २.१ बालयौन दुर्व्यवहार भनेको के हो त ?

बालयौन दुर्व्यवहार भन्नाले कुनै वयस्क, पाको मानिस वा ठूला बालबालिकाले सानो बालबालिकामाथि यौन आसय झल्किने गरी गरिने व्यवहार नै बालयौन दुर्व्यवहार हो।



## २.२ यौन दुर्व्यवहार भएको कसरी थाहा पाउने त ?

यौन दुर्व्यवहार छोएर र नछोइकन दुवै किसिमबाट हुन सक्छ । सामान्यतया मानिसहरू छोएर गरिने केही यौनदुर्व्यवहार बारे मात्र जानकार छन् । तर यौन दुर्व्यवहारका दुवै पक्ष उत्तिकै घातक छन् । बालबालिकामाथि छोएर हुने तथा नछोइकन हुने यौन दुर्व्यवहार निम्नअनुसार रहेको छ ।

**१. छोएर हुने यौन दुर्व्यवहार**

- बालबालिका हरूलाई अप्ठेरो हुने गरी उनीहरूको यौन अङ्गहरूमा छुनु ।
- शरीरमा अप्ठेरो हुने गरी सुम्सुम्याउनु ।
- बालबालिकालाई अप्ठेरो हुने गरी चुम्बन गर्नु ।
- बालबालिकाको गुप्ताङ्गहरू हेर्नु वा हेर्न लगाउनु ।
- यौन दुर्व्यवहार गर्न खोज्ने व्यक्तिको गुप्ताङ्ग बालबालिकालाई छुन वा समात्न लगाउने ।
- मुखमैथुन गर्नु वा गराउनु ।
- हस्तमैथुन गर्नु वा गराउनु ।
- गुदामैथुन गर्नु वा गर्न लगाउनु ।
- यौन सम्पर्क गर्नु ।
- बलात्कार गर्नु ।

**२. नछोइकन हुने दुर्व्यवहार**

- बालबालिकालाई अश्लील चित्रहरू देखाउनु ।
- बालबालिकालाई अश्लील सामग्री हेराउनु ।
- बालबालिकासँग अश्लील कुराहरू गर्नु ।
- बालबालिकाको नाङ्गो फोटो खिच्नु ।
- बालबालिकालाई अश्लील हाउभाउ देखाउनु ।
- टेलिफोनमा अश्लील कुराहरू गर्नु ।
- बालबालिकालाई अरूले यौन सम्बन्ध गरिरहेको कुरा जानी-जानी हेर्न वा सुन्न लगाउनु ।
- इन्टरनेट मार्फत यौनजन्य क्रियाकलाप देखाउनु जस्ता कुराहरू नछोइकन हुने बालयौन दुर्व्यवहार हुन् ।



बालयौन दुर्व्यवहार बालबालिकाको अधिकारबिरूद्धको एक जघन्य अपराध हो । यसले बालबालिकाको बाँच्न पाउने अधिकारको साथै संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारलाई पनि बाधा पुर्‍याउँदछ । विभिन्न कारणले साना-साना बालबालिका हरूले आफू यौन दुर्व्यवहारमा परेको कुरा बताउन नसक्ने पनि हुन सक्छन् । कतिपय अवस्थामा बालबालिका हरूले आफू यौन दुर्व्यवहारमा परेको कुरा थाहा पाएका पनि हुँदैनन् । तर हामी सबैले बुझ्नु पर्ने कुरा के हो भने यस्तो घटना आफूमाथि परेमा यस्तो कुरालाई लुकाएर राख्नु हुँदैन । बालयौन दुर्व्यवहारमा परेका बालबालिकामा देखिने केही लक्षणहरूबाट बालबालिका हरू यौन दुर्व्यवहारमा परेका छन् कि भनेर थाहा पाउन सकिन्छ । यस्ता लक्षणहरू शारीरिक र संवेगात्मक दुवै प्रकारको हुन सक्छन् । यी लक्षणहरू बालयौन दुर्व्यवहारकै कारणले मात्र हुन्छन् भन्ने हुँदैन तर जो कोहीले तल उल्लिखित लक्षण देखिएमा होसियार भएर कतै यो बालबालिकालाई दुर्व्यवहार त भएको छैन भनेर विचार गर्नु पदर्छ ।

### के कतै तपाईंको आफ्नै साथी तथा भाइबहिनीमा यस्ता लक्षण त देखिएका छैनन् ?

<u>शारीरिक लक्षणहरू वा असरहरू</u>

- अप्ठेरो हुने गरी हिंडडुल गर्ने
- गुप्ताङ्गमा घाउ हुने
- गुप्ताङ्ग चिलाउने
- दिसापिसाब गर्न गाह्रो हुने
- शरीरका कुनै पनि अङ्गमा घाउ चोट देखिनु
- सानो उमेरमा नै यौनरोगहरू लाग्नु
- गर्भ रहने



व्यावहारिक लक्षण तथा असरहरू

- कुनै स्थान वा व्यक्तिसँग अत्याधिक डराउनु
- ज्यादै चिन्तित वा ब्याकुल हुनु
- नैराष्यता तथा हीनताबोध हुनु
- खानामा रूची कम हुनु
- निद्रा कम लाग्नु
- झस्किनु, डराउनु
- ओछ्यानमा पिसाब फेर्नु
- एकान्तमा बस्न मन पराउनु
- पढाइमा कमजोर हुँदै जानु
- बोल्न अप्ठयारो लाग्नु
- उमेर अनुरूप यौन व्यवहार नहुनु
- आफ्नो शरीरदेखि आफैँलाई घृणा लाग्नु
- आत्मविश्वासमा कमी हुनु
- सामाजिक सम्बन्ध स्थापना गर्न नसक्नु





## २.३ बालयौन दुर्व्यवहार कहाँ हुन सक्छ ?

बालयौन दुर्व्यवहार यस ठाऊँमा नै हुन्छ भनेर तोकेर भन्न सकिदैन । यसको अर्थ के हो भने यो जहाँ कहीँ पनि हुन सक्छ । दुर्व्यवहार गर्ने व्यक्तिले मौका पाउने बित्तिकै जहाँ पनि बालयौन दुर्व्यवहार गर्न सक्छन् । घरमा, होस्टलमा, ट्युसन पढ्न गएको ठाऊँमा, विद्यालयमा, गाडीमा, पार्टीमा, भेलामा, सिनेमा हलमा, बाटोमा, मेलापात गएको बेला जुनसुकै ठाऊँमा पनि हुन सक्छ ।



## २.४ बालयौन दुर्व्यवहार कोबाट हुन सक्छ ?

बालयौन दुर्व्यवहार जो कोहीबाट पनि हुन सक्छ । अर्थात्, बालयौन दुर्व्यवहारः आफ्नै घरका व्यक्तिबाट, आफन्तबाट, नातेदारबाट तथा छिमेकीबाट, शिक्षकबाट, साथीभाइबाट, अपरिचित व्यक्ति आदिबाट हुन सक्छ ।

**अझ बुझ्नु पर्ने कुरा के हो भने,**

यौन दुर्व्यवहार गर्नेहरू केवल नचिनेका मानिस मात्र हुन्छन् भन्ने कुरा गलत हो । इष्टमित्र, नाता कुटुम्ब, शिक्षक, छिमेकी जो कोहीले पनि यौन दुर्व्यवहार गर्न सक्छ । तर यसको मतलब सबै छिमेकी नातेदारहरू खराब हुन्छन् भन्ने होइन् । दुर्व्यवहार कर्तालाई उसको अनुहारले होइन व्यवहारले चिन्नु पर्दछ । साथै त्यस्तो परिस्थिति, वातावरणबाट पनि बच्नु पर्दछ । यौन दुर्व्यवहारकर्ताहरू केवल पुरूष मात्रले गर्दछन् र यसको सिकार केवल महिला अथवा बालबालिका मात्रै हुन्छन् भन्ने पनि समाजमा धारणा हुन सक्द्छ तर बाल यौन दुर्व्यवहारकर्ता केवल पुरूष मात्र हैन, महिला पनि हुन सक्छन् र बालिकालाई मात्र होइन बालकलाई पनि हुन सक्दछ ।

सन् १९९७ देखि सन १९९९ सम्म पाकिस्तानमा यौनदुर्व्यवहार विरूद्ध कार्यरत संस्था आँगन रोजनले यौन दुर्व्यवहारका बारेमा प्राप्त ४०० पत्रका आधारमा निकाले को निष्कर्षअनुसार यौन दुर्व्यवहारकर्तामध्येः

- ७ प्रतिशत आफ्नै परिवारका थिए ।
- ३७ प्रतिशत नजिकका नातेदारहरू थिए ।
- १९ प्रतिशत साथी, छिमेकी, बाबु आमा दाजु भाइका साथीहरू थिए ।
- २३ प्रतिशत बाहिरका तर चिनेका मानिसहरू थिए ।
- १३ प्रतिशत नचिनेका मानिसहरू थिए ।
- केही घरमा कार्यरत कामदारहरू थिए ।

## २.५ बालयौन दुर्व्यवहारको सिकार कस्ता-कस्ता बालबालिका हुन सक्छन् ?

बालयौन दुर्व्यवहार जो कोही बालबालबालिका हरूलाई पनि हुन सक्छ । ४ बर्षको बालिकालाई पनि बालयौन दुर्व्यवहार भएको समाचार हामीले पत्रपत्रिकामा पढेका छौं । यसको अर्थ साना ठूला सबै बालबालिकालाई यौन दुर्व्यवहार हुन सक्छ । केटीहरूलाई मात्र यौन दुर्व्यवहार हुने होइन कि केटाहरूलाई पनि यौन दुर्व्यवहार हुने गर्दछ । सन् २०१२ मा सिविसमा आएका ८४ वटा यौनदुर्व्यवहारका घटनाहरूमध्ये ११ प्रतिशत बालकहरू पनि यौन दुर्व्यवहारबाट पीडित भएको पाइएको छ ।

## २.६ बालयौन दुर्व्यवहार कसरी हुन सक्छ ?

बालयौन दुर्व्यवहार जबर्जस्ती मात्र नभएर माया गरेको जस्तो गरेर पनि हुन सक्छ । साना बालबालिकाले माया हो कि दुर्व्यवहार हो अर्थात् खेलेको भन्ने बुझ्न सक्छन् त्यो बेला बालबालिका हरू झन् दुर्व्यवहारमा पर्न सक्छन् । त्यसैले हामीले माया के हो, दुर्व्यवहार के हो, भन्ने कुरा छुट्याउन सक्नु पर्छ ।

**प्यारा भाइबहिनीहरू,**

माया र दुर्व्यवहारलाई छुट्याउँन सक्यो भने मात्र पनि दुर्व्यवहारबाट बच्न सकिन्छ । माया व्यक्त गर्ने विभिन्न तरिकामध्ये छोएर वा मुसारेर माया व्यक्त गर्ने एउटा हो । तर यही तरिकाबाट दुर्व्यवहार पनि हुन सक्छ । त्यसैले हामीले माया र दुर्व्यवहार बीचको भिन्नता थाहा पाउनु पर्दछ ।

### माया गरेको छुवाइ

आफ्ना आमा बाबु, अभिभावक वा साथिभाइले माया व्यक्त गर्न छोएको छुवाइ, माया गरे को छुवाइ हो । यसरी छोएर उहाँहरूले सुरक्षित भएको आश्वस्त पार्न प्रयोग गर्नुहुन्छ । यसरी छुँदा वा मुसार्दा हामीले राम्रो र सुरक्षित महशुश गर्दछौ । यस्तो छुवाइले हामीलाई अप्ठेरो महसुस हुँदैन । माया गरेर छुँदा छुने व्यक्तिले सबैका अगाडि गर्दछन् ।

### दुर्व्यवहारको छुवाइ

- ☞ दुर्व्यवहारको आशयले छुने बित्तिकै हामीलाई रीस उठ्ने र घृणा लाग्ने हुन्छ ।



- ☞ यसरी छोएपछि दुर्व्यवहार गर्नेले यो कुरालाई लुकाउनु भन्न सक्छन् ।
- ☞ यसरी दुर्व्यवहारको आशयले छोएपछि उपहारहरू दिन सक्छन्
- ☞ आफूले छोएको कुरा लुकाउनलाई धम्क्याउन वा डर त्रास देखाउन सक्छन् ।
- ☞ दुर्व्यवहारयुक्त छुवाइमा छुनेले लुकेर वा एकान्तमा गर्न सक्छ ।

## २.७ संरक्षित हुनु तपाईंको अधिकार हो

यौन दुर्व्यवहारबाट बच्नु र संरक्षण प्राप्त गर्नु बालबालिकाको अधिकार हो । हामी सबै ले बुझ्नु पर्ने कुरा आफ्नो शरीरमा आफ्नो अधिकार हुन्छ । बालयौन दुर्व्यवहारबाट बच्न बालबालिका हरूले तलका कुराहरूमा पनि ध्यान दिनु पर्दछ :

- ☞ एक्लै चिनेको वा नचिनेको मानिससँग एकान्तमा डुल्न नजानुहोस् ।
- ☞ एक्लै चिनेको वा नचिनेको मानिसले दिएका खाना, चकलेट नखानुहोस् ।
- ☞ घरमा एक्लै भएका बेला चिनेका वा नचिनेका मानिसहरूलाई भित्र नलानुहोस् ।
- ☞ कसैले फोटो खिच्न खोज्यो भने नाईं भन्नुहोस् ।
- ☞ अनावश्यक रूपमा इन्टरनेट, एस.एम.एस गरी कसैलाई पनि साथी बनाएर नजिकको सम्बन्ध कायम नगर्नुहोस् ।
- ☞ तपाईंलाई मन नपर्ने गरी तपाईंमाथि अपशब्द वा तपाईंको शरीरमा चलाउने, खेलाउने गरेमा त्यसको बिरोध गर्नुहोस् र आफ्नो नजिकको साथी, अभिभावक तथा शिक्षकलाई त्यो कुरा भन्नुहोस् ।
- ☞ तपाईको शरीरमा तपाईंको अधिकार हुन्छ, कसैलाई चलाउने वा खेलाउने अधिकार छैन ।
- ☞ तपाईंले जानेका कुरा तपाईंले आफूभन्दा साना भाइबहिनी हरूलाई पनि सिकाउनुहोस् ।

# सचेत बनौ र नाइँ भनौ

*बालयौन दुर्व्यवहारबाट बच्न आफू पनि सचेत हुनु पर्दछ । बालयौन दुर्व्यवहारबाट बच्नको लागि केही व्यावहारिक ज्ञान र सीपबारे पनि जानकारी लिनु पर्दछ । यौन दुर्व्यवहारका बारेमा केही गलत धारणा पनि छन् । तसर्थ त्यस्ता भ्रमहरू बारेमा पनि जानकारी प्राप्त गर्नु पर्दछ र त्यसको बारेमा प्रष्ट हुनु पर्दछ । केही व्यावहारिक ज्ञान र सीपबारे पनि यहाँ चर्चा गर्नु सान्दर्भिक हुन्छ ।*



यदि तपाईंको छिमेकी वा अन्य व्यक्तिले तपाईंलाई कुनै बहानामा उस्को घरमा बोलायो भने .........

- ✓ तपाईं हामी चिनेको व्यक्ति, छिमेकी वा आफन्तको घर मा जान सक्छौ, तर त्यो घरमा कोही एक्लो व्यक्ति छ र त्यसले तपाईंलाई छुन चलाउन खोज्दछ भने त्यसको आत्मविश्वासका साथ नडराइ बिरोध गर्नुहोस् र तपाईं तत्काल घर फर्कनुहोस् ।

यदि तपाईसँग कसैले छाडा व्यवहार गर्छ र त्यो कुरा कसैलाई नभन भनेर धम्काउँछन् भने .....

- ✓ यसमा तपाईंको कुनै दोष हुँदैन, त्यसैले आफूलाई विश्वास लागेको व्यक्तिलाई भन्नुहोस् र त्यसका विरूद्ध उजुरी गर्नुहोस । तपाईंलाई सहयोग गर्ने संघ संस्था र प्रहरी तपाईंको साथमा छन् । यदि तपाईंले त्यसको विरोध नगरेको खण्डमा त्यो व्यक्तिको आत्मविश्वास अझ बढ्न सक्छ ।



यदि नचिनेको अर्थात् अलिअलि चिनेको मानिसले तपाईंलाई गाडीमा घुम्न जाउँ भन्यो, मिठाई वा पैसा, खेलौना दियो भने परिवार वा साथी नभएका बेला फोटो खिच्न खोज्यो र तपाईंलाई असजिलो हुने गरी चलायो भने .....................

- ✓ अस्वीकार गर्नुहोस, त्यहाँबाट अन्यत्र जानुहोस, आफूभन्दा ठूलाले भनेका सबै कुराहरूलाई तपाईंले मान्नै पर्छ भन्ने हुँदैन । तपाईंलाई अप्ठ्यारो लाग्ने कुरा नाइँ भन्नु पर्छ । आफूलाई नचिनेका मान्छे वा अलिअलि चिनेका मान्छेसँग आफ्ना परिवारका भित्री कुरा नगर्नु होस् ।

यदि नचिनेको वा चिनेको जुनसुकै मानिसले तपाईंलाई अप्ठ्यारो किसिमले छुन खोज्यो भने वा देखाउन नहुने गोप्य अंगहरू देखायो वा छुन लगायो भने .....................

- ✓ नाइँ भन्नुहोस, प्रतिकार गर्नुहोस, ठूलो स्वरले चिच्याउनुहोस, त्यहाँबाट भाग्नुहोस र आफूले विश्वास गरेको मान्छेलाई भन्नुहोस् । तपाईंको शरीरका अंगहरू तपाईंलाई अप्ठ्यारो लाग्ने गरी छुने, हेर्ने अधिकार कसैलाई पनि छैन् ।

कसैले तपाईंलाई एकान्तमा सिनेमा वा कुनै भिडियो हेरौं भन्छ वा तपाईं कम्प्यूटर र मोबाइल चलाउनु हुन्छ भने ..............................

चिनेकै वा नचिनेका वा परिवारका नजिकैका व्यक्तिले नै भने पनि एकान्तमा कम्प्यूटर चलाउँ, भिडियो हेरौ भन्यो भने ख्याल गर्नुहोस् त्यहाँ अश्लील खालका फिल्म पनि हुन सक्छन् । कोहीसँग एक्लै बसेर त्यस्तो खालको सिनेमा नहेर्नुहोस् ।

- ✓ कम्प्युटर तथा इन्टरनेट चलाउँदा ख्याल गर्नुहोस् जुन पाए त्यो साइटमा नजानुहोस्, कम्प्युटरमा कसैले गेम खेल्ने भनेर अश्लील खालका कार्टून तथा फिल्म दिन सक्छ त्यस्ता कुरालाई नकार्नुहोस् र परिवारमा सोकुरा गर्नुहोस् ।
- ✓ फेसबुक चलाउँदा जो पाए त्यही अर्थात् नचिनेको व्यक्तिलाई साथी नबनाउनुहोस् ।
- ✓ फेसबुकमा आफ्ना व्यक्तिगत स्टाटसहरू नहाल्नुहोस् । कसैले तपाईंलाई म्यासेज बक्समा नचाहिँदो कुरा लेखेर पठाउँछ र तपाईंको व्यक्तिगत

इमेल ठेगाना माग्छ भने अस्विकार गर्नु होस र त्यसका वारेमा परिवारमा कुरा गर्नुहोस् ।

✓ तपाई मोबाइल बोक्नुहुन्छ भने अरूलाई पनि तपाईंले जे पायो त्यहि म्यासेज पठाउनु हुँदैन् र तपाईंको मोवाइलमा जुन पायो त्यही म्यासेज आएमा त्यस्ता म्यासेजको उत्तर नगर्नुहोस् साथै त्यस्तो म्यासेजको वारेमा परिवारमा भन्नुहोस् । सुरक्षित ढंगले हिँड्डूल गर्ने, पढ्ने, खेल्ने र बाच्न पाउँने तपाइको अधिकार हो । आफ्नो फोन नम्बर सकेसम्म नचिनेका व्यक्तिहरूलाई नदिनुहोस् ।

## २.८ यौन दुर्व्यवहारमा बालबालिकाको दोष हुँदैन

**प्यारा भाइबहिनीहरू,**

यौन दुर्व्यवहारको घटनाहरू जहाँ पनि हुन सक्छ भनेर हामीले थाहा पाइसकेका छौं । बालबालिकालाई जबर्जस्ती धम्काएर, फकाएर तथा माया गरे जस्तो गरेर वा खेले जस्तो गरेर हुन सक्छ । बालबालिकालाई यी सबै कुरा खेलेको हो वा माया गरेको हो वा दुर्व्यवहार हो भन्ने थाहा नहुन सक्छ यस्ता कुरामा बालबालिकाको दोष हुदैंन मुख्य दोषी भनेको दुर्व्यवहार गर्ने ब्यक्ति नै हुन्छ । यौन दुर्व्यवहारको तत्काल मात्र नभई पछिसम्म पनि शारीरिक, मानसिक तथा भावनात्मक असरहरू पर्न सक्छन् ।



# ३. बालबिवाह

**प्यारा भाइबहिनीहरू,**

बालबालिका हरूमाथि हुने दुर्व्यवहारहरूमध्ये बालबिवाह पनि एक हो । कहिलेकाँही तपाईंका अभिभावकहरूले पुण्य कमाउने नाममा आफ्ना छोराछोरीको विवाह सानै उमेर मा गरिदिएको पाइन्छ । १८ बर्षभन्दा कम उमेरका बालबालिकाको बीचमा विवाह गर्नु वा गराइदिनु बालविवाह हो । त्यसैले तपाईंको गाऊँघरमा पनि तपाईं जस्तै भाइबहिनीहरूको विवाह हुन लागेको छ भने त्यो बाल बिवाह हो । यस्तो बालबिवाहलाई रोक्नु तपाईं हामी सबैको जिम्मेवारी हो ।

नेपालको कानुन अनुसार बालबिवाह दण्डनीय छ । कानुनले बिहे गराइदिने बाबुआमा, परिवार, लमी, त्यस विवाहका जन्ती समेत सबै लाई सजाय दिन्छ । बिहे गरीदिए पछि आफ्नो दायित्व सकियो भन्ने बुझाई अभिभावकको छ तर बिहे गरिदिदैमा दायित्व सकिदैन। केही भाइ बहिनीमा बिहे गरे पछि सुख पाइन्छ भन्ने भ्रम पनि हुन सक्छ तर सानै उमेरमा विवाह गरेर पछुताउनु भन्दा समयमै विचार गर्नु बुद्धिमानी हुन्छ ।



मुलुकी ऐन २०२० (बिवाहवारी को महल) ले संरक्षकको मन्जुरी भए १८ वर्ष र संरक्षकको मञ्जुरी नभए २० वर्ष उमेर नपुगी कुनै पनि महिला पुरूष बीच बिवाह गर्नु गराउनु हुँदैन भनेको छ । त्यसैले बिहेवारी २० वर्ष पारि भनिएको हो । बालबिवाह गराउने व्यक्तिलाई कानुनले दण्ड सजाय तोकेको छ । १० वर्षभन्दा माथि र १४ वर्ष नपुगेकी बालिकाको विवाह गरे वा गराएमा ३ महिनादेखि १ वर्षसम्म कैद र ५ हजार रूपैयाँसम्म जरिवाना, १४ वर्षभन्दा माथि १८ वर्ष नपुगेकी किशोरीको विवाह गरे वा गराएमा ६ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । संरक्षकको मञ्जुरीबिना २० वर्ष उमेर नपुगेका पुरूष वा महिलाको विवाह गरे वा गराएमा ६ महिनासम्म कैद वा १० हजार रूपैयाँसम्म

जरिवाना वा दुवै सजाय हुनेछ ।

बालबिवाह कानुनी रूपमा दण्डनीय त छदैँ छ यसले बालबालिकामा पनि निम्नअनुसार असर पर्दछ :

- ➢ सानै उमेरमा विवाह गर्नाले बालबालिकालाई अनावश्यक पारिवारिक बोझ र समस्या पर्छ ।
- ➢ बालबालिका हरूको शिक्षा र स्वास्थ्यमा नकारात्मक असर पर्दछ । सानै उमेरमा गर्भवती भएका बालिकाहरूको अकालमा नै ज्यान जान सक्छ ।
- ➢ बालबालिकाको पढाइ बिग्रन्छ वा बीचैमा पढाए छोड्न् पर्ने हुन सक्छ ।
- ➢ बालबालिका हरूमा विशेष गरी बालिकाहरूले शोषण र घरेलु हिंसामा परेर ज्यान गुमाउनु परेको पनि भेटिएको छ ।
- ➢ UNFPA संस्थाले गरेको अध्ययनअनुसार १५ देखि १९ बर्ष उमेरका किशोरीहरूको मृत्युको एउटा प्रमुख कारण सानै उमेरमा गर्भवती हुनु हो । २० वर्षमा विवाह भएका महिला भन्दा १५ वर्ष उमेर नपुग्दै विवाह भएका किशोरीहरू गर्भावस्थामा वा बच्चा जन्माउँदा मर्ने सम्भावना पाँच गुणाले बढी हुन्छ ।
- ➢ बालबिवाह बालमृत्युदर बढी हुनुको एउटा प्रमुख कारण पनि हो । जनसंख्या तथा स्वास्थ सर्वेक्षण (२००६) अनुसार २० वर्ष उमेर पुगेकी आमाले जन्माएको बच्चा भन्दा २० बर्ष उमेर नपुगेकी आमाले जन्माएको बच्चा जन्मिनासाथ र ५ बर्ष नपुग्दै मर्ने सम्भावना करिब दोब्बरले बढी हुन्छ ।

## बालविवाह विरुद्ध बालबालिका हरुले के गर्न सक्छन् ?

१. बालबालिकाले बालबिवाह र यसका नकारात्मक असरका बारेमा जानकारी राख्नु पर्दछ र यो सामाजिक कुप्रथा हो भन्ने कुराप्रति सचेत रहनु पर्दछ । यसले बालबालिकाको जीवन नै बर्वाद हुन्छ भन्ने बारे सचेत रहने र साथीहरूलाई पनि सचेत गराउनु पर्दछ ।



२. बालबालिकाले बालबिवाह र यसका नकारात्मक असरका बारेमा बालबालिका, अभिभावक तथा परिवारका अन्य सदस्यहरू बीच छलफल चलाउने । बालक्लब मार्फत सचेतना कार्यक्रम चलाउने यो हामीले विद्यालय र समुदायमा नाटक तथा गीतको मार्फत पनि गर्न सक्दछौं ।

३. आफ्नै साथीहरूको पनि कलिलै उमेरमा विवाह हुन लागेको त छैन भन्ने विषयमा चासो राख्नु पर्दछ ।

४. यदि बालविवाह भएको पाइएमा स्थानीय प्रहरी, सामाजिक संस्था, परामर्शदाता तथा अन्य भरपर्दो निकाय तथा व्यक्तिहरूलाई खबर गर्ने ।

हामी सबैले बुझ्नु पर्ने कुरा के हो भने विवाह भनेको आफू सक्षम र शिक्षित भए पछि मात्र गर्नु पर्दछ । सानै उमेरमा विवाह गर्नाले वर्तमान र भविष्य दुवै खतरामा पर्दछ ।

त्यसैले, भाइबहिनीहरू तपाईंको गाऊँ, घर तथा छिमेकमा कुनै पनि बालबालिकाको विवाह हुन लागेको जानकारी तपाईंलाई छ भने सरोकारवाला निकायमा समयमा नै जानकारी गराउनु तपाईंको दायित्व हो । यस्तो सूचना भएमा तपाईंले तल उल्लेख गरिएका निकायहरूमा खबर गर्न सक्नुहुनेछ

- ☞ बालक्लब तथा बालक्लब सञ्जालका साथीहरूलाई
- ☞ वडा नागरिक मञ्चका पदाधिकारीहरूलाई
- ☞ गाऊँ बालसंरक्षण समितिलाई
- ☞ गाऊँ विकास समितिलाई
- ☞ गाऊँ तहमा गठन भएका आमा समूहलाई
- ☞ गाविसमा काम गर्ने गैरसरकारी संस्थाहरूलाई
- ☞ नजिकै रहेको प्रहरी चौकी तथा कार्यालयलाई
- ☞ जिल्ला बाल कल्याण समितिलाई

# ४. बालश्रम

**बालश्रम के हो ?**

प्यारा भाइबहिनीहरू, अब हामी बालश्रम भनेको के हो भन्ने बारेमा चर्चा गर्छौं । कुनै पनि बालबालिका हरूलाई उनीहरूको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरूको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी काममा लगाइनु नै बालश्रम हो । तपाईंको गाउँमा पनि कुनै बालबालिकाको अवस्था यस्तो देख्नुभएको छ भने त्यो बालश्रम हो र यसको बारेमा आवाज उठाउनुहोस् । तपाईंको गाउँघरबाट पनि बालबालिका हरू श्रमकालागि परिवार भन्दा टाढा गएका हुन सक्दछन् । उनीहरूको बारेमा तपाईले कहिल्यै सोच्नु भएको छ ? एक पटक सोच्नुहोस् र उनीहरूलाई श्रमबाट मुक्त गराउन पहल गर्नुहोस् ।





**भाइबहिनीहरू,** बालबालिका हरू विभिन्न किसिमका दुर्व्यवहार, हिंसा, कुटपिट, यौनदुर्व्यवहारमा परेझैं श्रम शोषणमा पनि परेका छन् । कतिपय अभिभावकले आफ्ना बालबालिकाले मिठो खान पाउँछन्, राम्रो लाउन पाउँछन् भन्ने आशामा आफ्ना बालबालिका हरूलाई शहरमा काम गर्न पठाइएको पाइन्छ भने कतिपय बालबालिका हरू नै लहलहैमा लागेर बालश्रममा संलग्न भएको पाइएको छ । यसरी सानै उमेरमा बालबालिका हरूलाई परिवारबाट टाढा राखेर अरूको घरमा, कलकारखाना, यातायात क्षेत्रको श्रममा संलग्न गराऊँदा बालबालिका हरूले कुटपिट, हेपाइ, लामो समयसम्म काम गर्नु



पर्ने जस्ता कारणले दुःख पाइरहेका छन् । सानै उमेरमा बालबालिका हरू श्रममा संलग्न हुँदा तल भने झै असर पर्न सक्छ :

- बालबालिकामाथि हुने दुर्व्यवहार, शोषण र हिंसाको संख्यामा बृद्धि हुन जान्छ ।
- बालबालिका हरू यौन शोषणमा पर्छन् ।
- पढाइ बन्द हुन्छ । सिक्ने, रमाउने र पारिवारीक मायामा हुर्कन पाउने अधिकार बाट बञ्चित हुनुपर्दछ ।
- सिक्न र पढ्न नपाएको कारणले भावी जीवनपनि जोखिमपूर्ण र कम ज्याला पाउने काममा लाग्न बाध्य हुनुपर्दछ ।
- उमेर भन्दा बढी भारी बोक्नु पर्ने, लामो समयसम्म काम गर्नुपर्ने भएकोले स्वास्थ्यमा बाधा र दुर्घटना परी ज्यान जान पनि सक्छ ।
- बालबालिका हरू पढ्न नपाउने, लागूपदार्थको कुलतमा फस्ने र बेचबिखनमा पर्न सक्ने जोखिम हुन्छ ।
- उमेर भन्दा बढी काम गर्नु पर्ने, हेपाइ र अन्य किसिमका दर्व्यवहारमा पर्ने भएकोले आत्मविश्वासमा कमी हुने गर्दछ ।

**त्यसैले भाइबहिनीहरू,** तपाईंहरू पनि कसैको लहलहैमा लागेर पैसा कमाइन्छ, सुख पाइन्छ भनेर श्रममा संलग्न हुन नलाग्नु होला । यसले तपाईंको वर्तमान र भविष्यलाई नै अन्धकार बनाउँदछ । तपाईंहरू आफैँले पनि बालक्लब र विद्यालयमा आफ्ना साथीभाइलाई अरूको लहलहैमा लागेर परिवार भन्दा बाहिर काममा जानुहुँदैन भन्ने बारे सम्झाउन सक्नुहुन्छ । कुनै साथीका परिवारले आफना छोराछोरीलाई बाहिर पठाउन खोजेको छ भने पनि सामूहिक वा व्यक्तिगत रूपमा सम्झाउन सक्नु हुन्छ ।

बालबालिकालाई श्रममा लगाउनु सामाजिक तथा कानुनी अपराध हो । १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा लगाएमा १ वर्षसम्म कैद वा रू ५०,००० ।- सम्म जरिवाना वा दुवै सजाय हुनेछ भनेर कानुनले पनि व्यवस्था गरेको छ ।

# ५. बालबालिकाको बेचबिखन र ओसारपसार

**भाइबहिनीहरू,**

तपाईंहरूले बालबालिकाको पनि बेचबिखन तथा ओसारपसार हुन्छ भनेर कहिल्यै सोच्नुभएको छ ? हामीलाई यो कुरा विश्वास नलाग्न पनि सक्दछ तर हाम्रो देशमा धेरै बालबालिका हरू बेचबिखन तथा ओसारपसारमा परेको कुरा हामीले पाएका छौं । बालबालिकाको बेचबिखन तथा ओसारपसार बालबालिकामाथि हुने गम्भीर अपराध हो । राम्रो काम लगाइदिने, पढाइदिने, मिठो खान दिने बहानामा परिवारलाई झुटो भरोसा दिएर बालबालिका हरूलाई परिवारबाट छुटाएर देशभित्रै तथा देश बाहिर ओसारपसार तथा बेचबिखन गरेको पाइएको छ । यसरी परिवार बाट छुटाएर बाहिर लगिएका बालबालिका हरूलाई अपराधमा संलग्न व्यक्तिले जबर्जस्ती श्रममा लगाउने, यौनशोषणलगायत का कार्यमा जबर्जस्ती लगाउने र शरीरका अङ्गहरू बिक्री गर्ने कुरामा प्रयोग गर्दछन् । यसरी बालबालिकालाई किन्ने वा बेच्ने उद्देश्यले विदे शमा लैजानु, यौनकार्यमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई बालबालिकालाई प्रयोग गर्नु, बालबालिकाको अपहरण गर्नु, बालबालिकाको इच्छा विपरित परिवारबाट अलग गराई श्रम तथा मनोरञ्जनका लागि प्रयोग गर्नु, बालबालिकाको शरीर बन्धक राखी आर्थिक लाभ लिनु वा लिन सहयोग गर्नु बालबालिकाको ओसारपसार तथा बेचबिखन हो ।



यस्तो खालको अपराधमा बालबालिका परे भने बालबालिका हरूलाई गम्भीर असर पर्दछ ।

- ☞ बालबालिका हरूको अङ्ग प्रत्यङ्गहरू झिकेर बिक्री गर्ने अवस्थासम्म हुन



सक्नाले बालबालिकाको ज्यान जान सक्छ ।

- ☞ बालबालिका हरूलाई जबरजस्ती बन्धक बनाएर यौनशोषण तथा बलात्कार हुन सक्छ ।
- ☞ बालबालिका हरूलाई हिंसा र शोषण हुने मृत्यु तथा हत्या हुन सक्छ ।
- ☞ बालबालिका हरूलाई लागू पदार्थ ओसारपसारमा लगाएर फँसाउन सक्छन् ।

त्यसैले, कसैले तपाईंलाई मिठो खाने, राम्रो लाउने र धेरै पैसा कमाइन्छ भन्ने प्रलोभनमा पारेर स्वदेशका विभिन्न स्थान तथा विदेशमा पुर्‍याउने कुरा गर्न सक्छन् । यस्तो अवस्थामा सचेत हुनुहोस् । सानै उमेरमा कसैले कहिले पनि धेरै पैसा कमाउन सक्दैन् र कसैको लहै-लहैमा लागेर परिवार भन्दा बाहिर जाने बारेमा नसोच्नु होस् ।

यदि तपाईंको गाउँ तथा छिमेकमा कुनै बालबालिका बेचबिखन तथा ओसारपसार मा परेको सूचना तपाईंलाई छ भने समयमा नै उजुरी गर्नुहोस् । मानव बेचबिखन तथा ओसारपसारमा संलग्न व्यक्तिलाई कानुनले निम्नअनुसार दण्ड सजायको व्यवस्था गरेको छ :

(क) मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना,

(ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना,

(ग) प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना,

(ङ) किन्न, बेच्न वा यौनशोषण लगाउने उद्देश्यले मानिसलाईः

- ☞ विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँ देखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिवाना,
- ☞ नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिवाना ।

# ६. आफ्नो संरक्षणका लागि आफैं सचेत बनौ

**भाइबहिनीहरू,**

बालबालिका हरूमाथि हुन सक्ने बिभिन्न किसिमका जोखिमता तथा दुर्व्यवहारको बारेमा हामीले माथि उल्लेख गऱ्यौं । अब हामी बालबालिका हरूलाई यस्तो किसिमको अवस्था आएमा कसरी आफ्नो संरक्षण आफैले गर्ने भन्ने बारेमा केही चर्चा गरौं ।

बालबालिका समाजका अभिन्न अङ्ग हुन् । विभिन्न कारणहरूले बालबालिकाहरू जोखिममा पर्ने गर्दछन् । वयस्कहरूले स्वाभाविक ठानेका परिवेशहरू पनि बालबालिका हरूका लागि भने संरक्षणको आवश्यकता भइरहेको हुन्छ । बालबालिकामाथि आउन सक्ने जोखिमताहरूबाट संरक्षित हुन बालबालिका स्वयं नै सचेत हुनु जरूरी छ । बालबालिका हरूले आफ्नो घर परिवार, समुदाय, विद्यालय आदि स्थानमा आफूमाथि हुन सक्ने दुर्व्यवहार तथा जोखिमतालाई न्यूनीकरण गर्न तथा संरक्षित हुन निम्न कार्यहरू गर्न सक्दछन् ।



क) **बालक्लब गठन तथा आबद्धता :** बालक्लब बालबालिकाले संगठित हुन पाउने ठाउँ हो । यसले बालबालिकाको आवाजलाई सामूहिक रूपमा व्यक्त गर्न पाउँछन् । क्लबको माध्यमबाट उनीहरूले आफू र आफ्ना साथीहरूले भोग्दै आएका समस्याहरू, वयस्कहरूले ध्यान पुऱ्याउन नसकेका बाल संरक्षणका सवालहरूलाई बाहिर ल्याउन सक्छन् । विद्यालय वा गाउँमा बालबालिकामाथि हुने गरेको शोषण, यातना आदिका बारेमा वयस्कहरूको ध्यानाकर्षण गर्न र समाधानका लागि घच्चच्याउन सक्छन् । त्यसैले तपाईंहरू पनि आफ्नो विद्यालय तथा समुदायमा बालक्लबको गठन गरी आफ्नो र आफ्ना साथीहरूको संरक्षणका लागि काम गर्न सक्नुहुन्छ ।





ख) **घर परिवारमा छलफल :** बालबालिका हरूको संरक्षणको पहिलो जिम्मेवारी घर परिवारको नै हो । तर पनि कतिपय परिवारमा बालबालिका माथि हुने जोखिमताको वारेमा जानकारी नहुन सक्दछ । कतिपय घर परिवारभित्र पनि बाल संरक्षणका सवालहरू हुन्छन् । यस्ता सवालहरू रहेमा तपाईंले परिवारमा छलफल गर्नु पर्दछ । यस किसिमको छलफलले परिवारका सदस्यहरूलाई सचेत गराउँछ र विभिन्न किसिमका दुर्व्यवहारबाट संरक्षण गर्ने काममा मद्दत पुग्दछ ।

ग) **विद्यालयमा चेतनामूलक कार्यक्रम सञ्चालन :** बालबालिका हरू विद्यालयमा सबै भन्दा बढी समय बिताउने गर्दछन् । बालबालिकाको जीवनको गोरेटो कोर्ने महत्वपूर्ण स्थल विद्यालय भएको हुनाले विद्यालयमा हुने विभिन्न क्रियाकलापहरूमा बालबालिकाको सहभागिता महत्त्वपूर्ण हुन्छ । विद्यालयमा बालबालिकाले कैयौं समस्याहरू भोगिरहेका हुन सक्छन् । विद्यालयमा पनि बालबालिकामाथि यातना दिने, यौन दुर्व्यवहार एवं भेदभाव जस्ता घटनाहरू भइरहेका हुन सक्छन् । खाने पानी, चर्पी आदिको उपयुक्त व्यवस्था नभएको हुन सक्छ । यस्ता सवालहरूका बारेमा आवाज उठाउनका लागि विद्यालयमा समय समयमा चेतनामूलक कार्यक्रमको आयोजना गर्न सकिन्छ । यसले शिक्षक, शिक्षिका तथा विद्यालय व्यवस्थापन समितिलाई विद्यालयमा देखा पर्ने बालसंरक्षणका सवालहरूको विषयमा सचेत हुन मद्दत पुग्दछ ।

घ) **समुदाय स्तरमा सचेतना कार्यक्रम सञ्चालनः** बालबालिकाहरू समुदायको सदस्य भएकोले समुदायलाई बालबालिकामाथि हुन सक्ने जोखिमताहरूको बारेमा सचेत गराउनु पर्दछ । समुदायका सबै मानिसहरूलाई बालबालिकामाथि हुने दुर्व्यवहार तथा जोखिमताको बारेमा जानकारी नहुन पनि सक्दछ । त्यसैले बालबालिकामाथि हुने बालश्रम शोषण, यौन दुर्व्यवहार, बालविवाह, भेदभाव, बेचबिखन तथा ओसारपसारलगायतका बारेमा चेतनामूलक कार्यक्रमको आयोजना गरी जानकारी समुदायलाई जानकारी गराउनु पर्दछ । यस किसिमका कार्यक्रम सञ्चालन गर्न

विद्यालय, बाल संरक्षण समिति, गाविस तथा विभिन्न संघ संस्थाहरूले सहयोग गर्न सक्दछन् ।

ङ) **आफूलाई असहज भएको कुरा नलुकाई भन्नुहोस्ः** कतिपय बालबालिकाले आफूमाथि भएको दुर्व्यवहार तथा शोषणको कुरा अरूलाई नभनेकै कारण पुनः थप जोखिममा पर्ने गरेको पाइन्छ । त्यसैले कुनै पनि स्थान तथा परिवेशमा हुने गतिविधि तपाईंलाई असहज भएको छ भने नजिकैको साथीलाई तथा आफ्नो परिवारका सदस्यहरूलाई खुलस्त रूपमा भन्नुहोस् । यसले तपाईंलाई आगामी दिनमा थप जोखिमताबाट संरक्षण दिन्छ ।



# ७. उजुरी गर्ने बानी गर्नुहोस्

**भाइबहिनीहरू,**

तपाईं आफू र आफू जस्तै साथीभाइलाई यौन दुर्व्यवहार, श्रम शोषण, बालविवाह, बेचबिखन तथा ओसारपसारलगायत कुनै घटना भएमा वा बालबालिकामाथि यस्ता खाल्का गतिविधि भएको थाहा पाउनु भयो भने उजुरी गर्नुहोस् । यस्तो उजुरी तपाईंहरूले तल उल्लेख गरिए अनुसार निकायहरूमा उजुरी गर्न सक्नुहुनेछ ।

- ☞ सबभन्दा पहिला त तपाईंमाथि भएको घटनाको तपाईंले आफू नजिकैको मनले खाएको सहयोगी साथी, बुवा आमा तथा शिक्षकलाई तुरून्त भनिहाल्नुहोस् ।
- ☞ आफ्नै टोल छिमेक र विद्यालयमा बालसंरक्षण समितिहरूले विभिन्न कार्यहरू गरिरहेका हुन्छन् । सो ठाउँमा राखिएका उजुरी पेटीकामा तपाईंको उजुरी हाल्न अर्थात् सिधै गएर भन्न सक्नु हुन्छ ।
- ☞ नजिकैको प्रहरी कार्यलयमा उजुरी गर्न सक्नु हुनेछ ।
- ☞ नजिकमा रहेको बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थामा खबर गर्न सक्नु हुनेछ ।
- ☞ जिल्ला बालकल्याण समितिमा बालअधिकार अधिकृत हुनुहुन्छ । उहाँ मार्फत तपाईंले जिल्ला बालकल्याण समिति तथा महिला तथा बालबालिका कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।
- ☞ अहिले विभिन्न स्थानमा सामुदायिक प्रहरीहरू पनि छन् । उहाँसँग पनि तपाईंले सम्पर्क गर्न सक्नुहुनेछ ।

माथि उल्लेख गरिएका संघ संस्थाहरू तपाईं नजिकै भेटिएन भने

नेपाल सरकारले सञ्चालन गरेको बाल हेल्पलाइन १०९८,

नेपाल प्रहरीको १००, १०४

अथवा

सिविसले संचालन गरेको बाल हेल्पलाइन १६६० -०१-१००००

तथा अन्य संघसंस्थाले सञ्चालन गरेका हटलाइनमा फोन गर्न सक्नु हुनेछ ।

यी नम्बरहरूमा फोन गर्दा पैसा तिर्नु पर्दैन् ।